श्री प्रशासन कार्य
२०८०।३।२४

# श्री जिल्ला प्रशासन कार्यालय,पर्सामा पेश गरेको

## जाहेरी दर्खास्त

जिल्ला प्रशासन कार्यालय, पर्सा
दर्ता नं. ९२२८
दर्ता मिति: २०८०।३।२४

प्रहरी कार्यालयले भर्ने

दर्ता नं.

दर्ता मिति:

१.जाहेरी दर्खास्त वा सूचना दिने व्यक्तिको नाम, थर, ठेगाना:- जिल्ला पर्सा वीरगंज उपमहानगरपालिका वडा नं.३ हाल परिवर्तित वि.म.न.पा.वडा नं.३ मा वस्ने मंसूर शेषको छोरा महम्मद सहाबुदिन......................................................................................१

२.कुन कानून वा मुद्दाबारे दरखास्त वा सूचना गरेको हो: झुठो विवरण पेश गरी नागरिकता लिएको

३.कसूर गर्ने व्यक्तिको नाम थर ठेगाना:

क.जिल्ला पर्सा वि.म.न.पा. वडा नं.३मा वस्ने अं.वर्ष २१ की रुबीना श्रेष्ठ...................१

ख.जिल्ला पर्सा वि.म.न.पा. वडा नं.३मा वस्ने अं.वर्ष ५३ को राजेशमान सिंह............१

४.कसुर गर्ने व्यक्तिको बाबु आमाको नाउँ : १. वाबुको नाउँ संझना भएन

२. भुपेन्द्रमान सिंह

५कसूर गर्ने व्यक्तिको हुलिया परिचय खुल्ने अन्य विवरण: क. ५ फिट भन्दा बढि उचाई रहेको, रङ्ग गोरो, मोटो ।

६.कसुर सम्बन्धी विवरण:

क.कसूर भएको वा भईरहेको वा हुन लागेको स्थान ठाउँ मिति र समय: जिल्ला पर्सा वीरगंज उपमहानगरपालिका वडा नं.३ मा मिति २०७१।७।२० गते र जिल्ला प्रशासन कार्यालयमा मिति २०७५।४।१३ गते सम्म ।

ख.कसुरसंग सम्बन्धित घटनाको विवरण: विपक्षी मध्येका विपक्षी राजेशमन सिंह हाल वीरगंज महानगपालिकाका मेयर छन । यिनी भुपेन्द्रमान सिंहका छोरा हुन, यिनकी

एकमात्र पत्नि अन्नपुर्णा मानन्धर हुन । विपक्षी राजेशमान सिंह र निजकी पत्नि अन्नपुर्णा मानन्धरको दाम्पत्य जीवनबाट सन्तानको रुपमा एकमात्र छोरा अं.वर्ष ३० को अनिशमान सिंहको जायजन्म भएको छ भन्ने कुरा विपक्षी राजेशमान सिंहले विभिन्न सरकारी निकायमा पेश गर्नु भएको पारिवारिक विवरणबाट प्रष्ट हुन्छ, साथै टोल छिमेकी मात्र होईन लगभग विरगंजका हरेक नगरबासिलाई निजको १ मात्र छोरा सन्तानको रुपमा रहेको तथ्य थाहा छ ।

विपक्षी राजेशमान सिंह नगर प्रमुख बन्नु भन्दा पहिला आज भन्दा ९ वर्ष अगाडि काठमाण्डौमा जन्मिएकी बाबु र आमाको नाउँ संझना नभएको एक जना भट्टराई थर भएको दम्पतिको छोरीलाई आफनो छोरी भनी निजको नाउँ रुबीना श्रेष्ठ राखी निजको जन्म मिति २०५९।३।३० उल्लेख गरी वीरगंज महानगरपालिका वडा नं. ३ को कार्यालयबाट मिति २०७१।७।२० गते जन्मदर्ताको झुठो प्रमाणपत्र बनाउन लगाएको देखिन्छ, निज राजेशमानले रुबीनाको जन्म मिति उल्लेख गरेको साल देखि झण्डै १२ वर्ष पछि सो झुठो जन्म दर्ता प्रमाणपत्र बनाएको देखिन्छ । निज रुबीनाको थर पनि हेर्दा त्यहाँ श्रेष्ठ उल्लेख रहेको छ, जवकि राजेशमानको थर सिंह रहेको छ र राजेशमान सिंहको पत्निको थर मानन्धर रहेको छ । निजहरुको दाम्पत्य जीवनबाट जन्मेको एकमात्र छोराको थर हेर्दा सिंह नै उल्लेख रहेको कारणबाट पनि विपक्षी रुबीना श्रेष्ठ अर्का विपक्षी राजेशमान सिंहको छोरी नभएको कुराको सजिलै अनुमान गर्न सकिन्छ । विपक्षीहरुले झुठो विवरण दिई बनाएको जन्मदर्ताको रेकर्ड वडा नं.३ को कार्यालयमा मांग गर्दा वडा अध्यक्ष र सचिवले सो रेकर्ड हराईसकेको भन्ने कुरा भन्नु हुन्छ ।

विपक्षीहरुले आपसमा मिलोमतो गरी झुठो जन्मदर्ता बनाई सोहि झुठो जन्मदर्ताको आधारमा जिल्ला प्रशासन कार्यालयमा अर्काकी छोरीलाई आफनो छोरी हो भनी झुठो विवरण पेश गरी मिति २०७५।४।१३ गते रुबीना श्रेष्ठको नाउँमा ३४-०१-७५-०४८४७ नम्बरको नागरिकता बनाउन सफल भएका छन, सो नागरिकता सनाखत गर्ने व्यक्तिको नाउँमा राजेशमान सिंह र निजको नागरिकता नं.३४-१६०३१८८१७ उल्लेख रहेको छ । अर्को महत्वपुर्ण कुरा के छ भने उक्त नागरिकतामा आमाको नाउँ उल्लेख रहेको छैन । त्यसबाट पनि सो कार्य झुठो विवरण पेश गरी गरीएको भन्ने कुराको सजिलै अनुमान गर्न सकिन्छ । उल्लेखित मितिमा लिईएको नागरिकताको अनुसूचि फराम वडा अध्यक्षले सिफारिस गर्ने व्यवस्था रहेकोमा रुबीना श्रेष्ठको नागरिकताको अनुसूचि फराममा वडा अध्यक्षबाट सिफारिस नगराई वडा सदस्य तुफैल अख्तरबाट सिफारसि गराएको तथ्य बाहिर आएको छ, साथै नागरिकता लिंदा भरएिको अनुसूचि फारममा आमाको नाउँ रिता भट्टराई सिंह उल्लेख रहेको तथ्य पनि बाहिर आएको छ । विपक्षी रुबीना श्रेष्ठले सोहि नागरिकताको आधारमा

जिल्ला प्रशासन कार्यालयबाट मिति २०७९।४।२४ गते राहदानी नम्बर ११०३९६१७ को राहदानी पनि लिन सफल हुनु भएको छ । तसर्थ विपक्षीहरुले झुठो जन्मदर्ताको विवरण पेश गरी लिनु भएको र दिलाउनु भएको नागरिकता, राहदानी लिएको कार्य नागरिकता ऐनले गरेको व्यवस्था विरुद्धको कार्य भई अपराधिक कार्य भएकोले मेरो जाहेरी दर्खास्त उपर अनुसन्धान गरी रुबीना श्रेष्ठले लिनु भएको नागरिकता, राहदानी खारेज गरी दुवै विपक्षीलाई हदै सम्मको दण्ड सजाय हुने गरी कार्वाहि गरी पाउन यो जाहेरी दर्खास्त पेश गरेको छु ।

ग.कसूरको प्रकृति र कसूरसंग सम्बन्धित अन्य विवरणः

घ.कसूरसंग सम्बन्धित सबुद प्रमाणः

क.रुबीना श्रेष्ठको नाउँमा नं.३४-०१-७५-०४८४७ को नागरिकता र राजेशमान सिंहको नागरिकता नं.३४-१६०३१८८१७ पेश गरेका छौं

ख.अन्य प्रमाण यसै कार्यालयमा रहेको छ, पारिवारि विवरण जिल्ला निर्वाचन कार्यालय लगायतको कार्यालयबाट बुझि पाउँ ।

ङ.अपराधसंग सम्बन्धित अन्य सबुत प्रमाण : -स्थानिय सर्जमिन बुझि पाउँ ।

यो दर्खास्त व्यहोरा ठीक साँचो छ, झुठो व्यहोरा लेखेको ठहरे कानुन बमोजिम सहुँला बुझाउँला । प्रहरी द्वारा अनुसन्धान हुँदा अदालतमा मुद्दा चल्दाको बखत उपस्थित हुनु पर्ने जनाउ पाए बमोजिम उपस्थित हुने छु ।

जहेरी वा सूचना दिने व्यक्ति

नामः मह्ममद सहाबुदिन....१

सहिः

मो.न.९८५५०२५४४५.

ईति सम्वत २०८० पौष महिना गते रोज मा शुभम ।